फोन नं. ०१०-५४१०८८

# गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुबेंशी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१

च.नं. ८०५

मितिः २०८०/१२/०१

**विषय:मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन सम्बन्धमा।**

श्री वडा कार्यालयहरु (सबै)
गोसाईकुण्ड गाउँपालिका।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं ०८०/८१ च.नं ३७० मिति २०८०/११/१६ र निर्वाचन आयोग नेपालको प.सं ०८०/८१ च.नं ४३६ मिति २०८०/११/२० गतेको पत्रानुसार देहायका बुंदा नं ८ संग सम्बन्धित मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा स्थानीय तहबाट समन्वय तथा सहयोग गरिदिन हुन अनुरोध गरिन्छ साथै मन्त्रालय र आयोगबाट आएको सूचना यसै पत्रसाथ संलग्न गरिएको जानकारी गराईन्छ।।

**बुंदा नं ८ संग सम्बन्धित कार्यक्रम**

क. कार्यक्रममा नागरिकको सहभागिता बृद्दी गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रचारप्रसार सहयोग गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,

ग. मातहतका वडा सचिवहरुलाई देहायको कार्य सम्पादन गर्न निर्देशन तथा सहजीकरण गर्ने,

- अनुसूची-१ बमोजिमको कार्यक्रम संचालन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,
- अनुसूची-१ बमोजिम हुने कार्यक्रम संचालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरुले पेश गरेका अनुसूची फारम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने,
- दर्ता हुन आएका अनुसूची फारम, निवेदन, सूचना, उजुरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- आफ्नो वडामा दर्ता हुन आएका मृत्यु, बसाईँ सराई सम्बन्धि विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाटप्राप्त सूचना तथा अनुसूची विवरणहरु आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउने,
- मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा तोकिएको अन्य कार्यहरु गर्ने।

दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

प्रमुख/नाम दर्ता अधिकारीको कार्यालय ........

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | | | |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०८०/११/२९ | २०८०/१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८०/११/२९ | २०८०/१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | | | |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| | | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |